NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**३ अक्टोबर २००७**

**यथाशिघ्र प्रकासन हुने विज्ञप्ति**

**सम्पर्कका लागिः**

एटलान्टाका लागिः डेवोरा हेक्स, +१ ४०४ ४२०१५१२४, dhakes@emory.edu

काठमाडौंका लागिः डारेन नान्स, +९७७ १ ४४४ ५०५५/१४४६, darren@nance.net

सेप्टेम्वर १८ मा माओवादीहरू अन्तरीम सरकारबाट बाहिरीएपश्चात र निर्वाचनसम्बन्धि महत्वपूर्ण तिथिहरू नजिकिदै जाँदा नेपालको शान्ति प्रक्रिया जटिल अवस्थामा पुगेको छ । एकता कायम गर्न र विवादास्पद सवालहरू समाधान गर्न गहन छलफल गर्ने सवै दलहरूको नयाँ प्रतिवद्धताबाट द कार्टर सेन्टर उत्साहित भएको छ । तथापि, नेपालको निर्वाचन प्रक्रियाको विषयलाई लिएर नेकपा (माओवादी) को हालसालैको धम्किका साथै सरकार र माओवादी दुवै आफूले गरेका प्रतिवद्धता पुरागर्न असफल हुनु गम्भिर सरोकारको विषय हो । संलग्न सवै दलहरू नेपाली जनताका चाहना सही रुपले पुरा गर्नका लागि समयमै विवेकशील निर्णयमा पुग्न सामूहिक जिम्मेवारीमा केन्द्रित हुनु पर्दछ । यस्तो कार्य तदारुकताकासाथ नगरिएमा सम्पूर्ण दलहरूको वैधानिकतामा प्रश्न उठ्नेछ ।

यस सन्दर्भमा, देशभर माओवादीका क्रियाकलापहरू विशेष सरोकारको विषय भएका छन् । सेप्टेम्वर १८ मा घोषित विरोध कार्यक्रम स्पष्ट रुपमा निर्वाचन प्रक्रिया अवरुद्ध गर्ने तर्फ उन्मुख थियो । यस सेन्टरले मतदाता जागरण अभियान अवरुद्ध पार्ने, मतदाता शिक्षासम्बन्धि सामग्री खोस्ने र राजनैतिक प्रतिन्दिलाई हतोत्साही पार्ने कृयाकलाप भइरहेको प्रतिवेदन प्राप्त गरेको छ । यस्तो व्यवहार स्वीकारयोग्य हुँदैन । वास्तवमा निर्वाचन प्रक्रिया वृहत शान्ति प्रक्रियाको केवल एक अंश मात्र भएकोले माओवादीका वर्तमान क्रियाकलापहरूले नेपाली जनतामा विश्वास जगाउँदैन र शान्ति तथा प्रजातन्त्रप्रतिको माओवादीहरूको समर्पणमा प्रश्न चिन्ह खडा गर्दछ । यसका अतिरिक्त, माओवादी निकट मजदुर संगठनारा कान्तिपुरको छापा तथा टेलिभिजन जस्ता सञ्चार माध्यममा गरिएको आक्रमण र निरन्तर धम्कि विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा माआवादीले स्पष्ट रुपमा स्वीकार गरेको प्रकासन स्वतन्त्रता माथिको ठाडो हस्तक्षेप हो । यस्तो क्रियाकलापको सार्वजनिक रुपमा निन्दा गर्नु र तत्काल रोक्नु माओवादी नेतृत्वको जिम्मेवारी हुन जान्छ ।

विस्तृत शान्ति सम्झौता अन्तगर्तको आफ्नै दायित्वप्रति सरकारको उदासिनतावारे पनि द कार्टर सेन्टरको सरोकार रहेको छ किनभने यसले विद्यमान अविश्वासको वातावरणलाई अझ टेवा पुर्‍याएको छ । वर्तमान राजनैतिक गतिरोधबाट अघि बढ्नका लागि सरकार तथा माओवादीहरूले आफ्ना पूर्व प्रतिबद्धताको मर्मअनुरुप साझा सहमति खोज्नु पर्दछ । दुवै तर्फका नेताहरूले आपसी अन्तर्निर्भरतलाई बुझ्नु पर्दछ; माओवादीहरू सङ्क्रमणबाट सफलतापूर्वक राजनीतिको मूल प्रवाहमा आउनु राष्ट्र तथा प्रजातान्त्रिक दलहरूका लागि हितकर हुनेछ । पूनः विश्वास निर्माण गर्न दुवै पक्षले हस्ताक्षर गरेको सम्झौताको कार्यान्वयनका लागि आफ्नो क्षमताले भ्याएसम्म यथाशिघ्र प्रयत्न पनि गर्नु पर्दछ । प्रमुख शीविर र सुरक्षाका सवालहरूमा सरकारको कार्वाहीका साथै माओवादीद्वारा हिंसाको अन्त्य तथा कब्जामा लिइएको सम्पत्ति फिर्ताजस्ता कार्यले वर्तमान अन्तराललाई कम गर्दछ ।

यसै बखत, मधेशी जनअधिकार फोरम, जनजाति महासंघ नेपाल र अन्य समूहहरूसँग सम्पन्न सम्झौताहरूको कार्यान्वयन उच्च प्राथमिकतामा हुनु पर्दछ । अन्य कुनै पनि कार्यले सिमान्तिकृत समूहहरूबीच यति चाँडो विश्वास

सिर्जना गर्दैन र शान्ति तथा समावेशी प्रजातन्त्रतर्फको निरन्तर प्रगतिलाई सहजता पनि प्रदान गर्दैन । विद्यमान ढिलाईले नेपाली जनताको ठूलो हिस्सा तथा अन्तर्राष्ट्रिय समुदायबीच सरकारको विश्वसनीयतालाई क्रमशः कमगर्नेछ ।

नेपाली जनतालाई विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधानमा व्यवस्था भएअनुरुपको आफ्ना प्रतिनिधि चयन गर्न विश्वसनीय तथा समावेशी निर्वाचन प्रक्रियामा स्वतन्त्र रुपमा सहभागी हुने प्रजातान्त्रिक अधिकार छ । निर्वाचन आयोगले निर्वाचनसम्बन्धि तयारीको भूमिकालाई प्रशंसनीय रूपमा निर्वाह गरेको छ । द कार्टर सेन्टर नेपालका सम्पूर्ण राजनैतिक दलहरूलाई व्यापक शान्ति प्रक्रियामा उनीहरूका वर्तमान निर्णयहरूबाट हुनसक्ने प्रभावलाई स्मरण गर्न र दलहरूका संकुचित चाहनामा सिमित नभइ नेपालको भलाईका निम्ति काम गर्न आव्हान गर्दछ । सम्पूर्ण राजनैतिक खेलाडीहरूले यस्तो कार्यगर्नसक्ने प्रशंसनीय क्षमता विगत दुई वर्षमा प्रदर्शन गरिसकेका छन् । यस जटिल घडीमा राजनैतिक दलहरुका लागि दीर्घकालिन शान्ति र बहुदलीय प्रजातन्त्र प्राप्त गर्न तथा नेपाली जनतासमक्ष गरेको बाचा पुरा गर्नका लागि उनीहरूबीचको एकता र प्रतिबद्धतालाई निर्णयात्मक रूपमा नविकरण गर्ने अवसर छ ।

####

"शान्ति स्थापना, रोगविरूद्ध संघर्ष, आशा सिर्जना ।"

*द कार्टर सेन्टरले सन् २००७ मा आफ्नो २५ औं वार्षिकोत्सव मनाउने भएको छ । मुनाफारहित गैरसरकारी संस्था कार्टर सेन्टरले ६५ भन्दा बढी मुलुकहरूमा द्वन्द्व समाधान, प्रजातन्त्रको विकास, मानवअधिकार तथा आर्थिक अवसर, रोगको रोकथाम, मानसिक स्वास्थ्य स्याहारमा सुधार र विकासोन्मुख मुलुकहरूमा किसानहरूलाई उत्पादन वृद्धिका लागि प्रशिक्षणका माध्यमद्वारा मानिसहरूको जीवनस्तर उकास्न सहयोग गरेको छ । कार्टर सेन्टर १९८२ मा अमेरिकाका भूतपूर्व राष्ट्रपति जिमि कार्टर तथा वहाँकी धर्मपत्नी रोजालिनद्वारा एमोरी विश्वविद्यालयसँगको साझेदारीमा विश्वव्यापी रूपमा शान्ति तथा स्वास्थ्यको विकासका लागि स्थापना गरिएको थियो । यस केन्द्रले २७ मुलुकमा ६७ वटा निर्वाचन पर्यवेक्षण गरिसकेको छ । द कार्टर सेन्टरबारे थप जानकारीका लागि कृपया* www.cartercenter.org *हेर्नु होला ।*